**स्थानीय राजपत्र**

| परशुराम नगरपालिकाद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ६ | संख्याः ३ | मितिः २०८०/२/३१ |
| जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल | | |

**भाग २**

**स्थानीय सरकार**


# सुत्केरी महिलाहरुका लागि उपमेयर कोसेली कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) झ मा आधारभुत स्वास्थ्य र सरसफाइ सम्बन्धी व्यवस्था, आधारभुत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन लगायतका कार्य स्थानीय तहको हुने व्यवस्था गरिएको र परशुराम नगरपालिकामा रहेका सुत्केरी महिलाहरुको पोषणस्तरमा सुधार गरी आमा र शिशुको स्वास्थ्य प्रवर्द्धन गर्न सुत्केरी महिलाहरुका लागि उपमेयर कोसेली कार्यक्रम सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो सुत्केरी महिलाहरुका लागि उपमेयर कोसेली कार्यक्रम सम्बन्धी कार्यविधी २०८० जारी गरेको छ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुत्केरी महिलाहरुका लागि उपमेयर कोसेली कार्यक्रम सम्बन्धी कार्यविधी, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले परशुराम नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले परशुराम नगरपालिका सम्झनु पर्छ।

(घ) "वडा" भन्नाले परशुराम नगरपालिकाको वडा सम्झनु पर्छ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले परशुराम नगरपालिकामा रहेका सवै स्वास्थ्य संस्थाहरुलाई सम्झनुपर्छ ।

## परिच्छेद– २
## कार्यक्रमको उदेश्य

१. मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा सर्वसुलभ उपलब्ध गर्न र गलत सामाजिक कुरीति र अभ्यासहरुको अन्त्य गर्नु ।

२. किशोरी, सुनौलो हजार दिनका महिला, अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनका लागि अभिप्रेरित गर्न,

३. मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था वीच सहकार्य बढाउन ।

४. लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व बहन गरेको अनुभूती दिलाउन ।

५. गरिब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित वर्गका महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न ।

६. प्रजनन स्वास्थ्य, आधारभुत स्वास्थ्य र सरसफाइ, पोषण बारे जानकारी प्रदान गर्न ।

७. आधारभुत स्वास्थ्यसेवाको उपयोगितामा बृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्न ।

८. अति विपन्न परिवारका शिशुहरु र सुत्केरी महिलालाई पोषण युक्त आहारका साथै वडा कार्यालय र सम्बन्धीत स्वास्थ्य संस्थाको सिफारिसमा थप खाद्य पदार्थ समेत प्रदान गर्न ।

## परिच्छेद– ३
## पोषण कोसेली प्रदान गर्न सकिने आधारहरु

१. आ. व. श्रावण १ गते देखि अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाको हकमा मात्र यो कार्यविधी लागु हुनेछ ।

२. परशुराम नगरपालिकाको स्थायी वासिन्दा भएको हुनुपर्ने ।

३. अन्य जिल्लाबाट बसाइसरी आएकोमा नेपाली नागरीकको हकमा बसाइसराइ दर्ता प्रमाण हुनुपर्ने ।

४. सुत्केरी आमाले नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य संस्थामा आठ पटक गर्भ जाँच गरेको हुनुपर्ने ।

५. स्वास्थ्य संस्थामा सुत्केरी भएको हुनुपर्ने ।

६. अनुसूची १ बमोजिमको फाराम भरिएको निवेदन र सो निवेदनमा सम्बन्धीत महिला स्वास्थ्य स्वयंसेविकाको सिफारिस ।

७. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्मदर्ता कार्ड प्रमाण पत्रको प्रतिलिपी ।

८. सम्बन्धीत स्वास्थ्य संस्था र वडा कार्यालयको सिफारिस ।

## परिच्छेद– ४

## पोषण कोसेलीमा प्रदान गरिने सामग्रीहरु

१. परशुराम नगरपालिका अन्तर्गतका अस्पताल वा प्रसुती केन्द्र रहेको स्वास्थ्य संस्थाहरुमा निवेदन दर्ता भएका प्रत्येक सुत्केरी महिलाहरुलाई उपमेयर पोषण कोसेली उपलब्ध गराइनेछ । उक्त पोषण कोसेलीमा खाद्य गुणस्तर कायम हुनेगरी देहाय बमोजिमका सामग्रीहरु मध्येका सामग्रीहरु वितरण गरिनेछन् :

(क) अण्डा दिने जातका कुखुरा

(ख) घ्यू

(ग) पोषण झोला

(घ) हार्पिक, साबुन, ब्रस,

(ङ) खानेतेल

(च) बच्चाको न्यानो लुगा

(छ) कृषि तरकरी विउ विजन

(ज) चामल, दाल, खानेतेल, आयोडिन नून, चना, मह, फलफूल लगायत पोषिलो खानेकुरा

## परिच्छेद – ५

## कार्यक्रम ब्यवस्थापन समिति

१. सुत्केरी महिलाहरुलाई पोषण सामग्री वितरण तथा यस कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि नगर उपप्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको एक कार्यक्रम ब्यवस्थापन समिति रहनेछ ।

संयोजक – नगर उपप्रमुख

सदस्य– नगरकार्यपालिकाले तोकेको महिला कार्यपालिका सदस्य

सदस्य- नगर कार्यपालिकाले तोकेको नगरसभाको दलित महिला सदस्य

सदस्य- जोगबुडा अस्पतालको प्रमुख

सदस्य- नगरस्तरीय महिला स्वास्थ्य स्वयंसेविका समितिको आलोपालो गरी प्रतिनिधी

सदस्य- महिला तथा वालवालिका शाखा प्रमुख

सदस्य–सचिव –स्वास्थ्य शाखा प्रमुख

२. वडाहरुमा यस कार्यक्रमको अनुगमन तथा ब्यवस्थापनको जिम्मा सम्बन्धीत स्वास्थ्य संस्थाको ब्यवस्थापन समिति र वडा कार्यालयको रहनेछ ।समितिले गरेका निर्णयहरु कार्यपालिकाबाट अनुमोदन गराई कार्यान्वयन गर्नुपर्नेछ ।

## परिच्छेद –५

## विविध

१. **बाधा अड्काउः** यस कार्यविधीको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** नगरपालिकाका सवै वडाहरुमा सवैभन्दा उत्कृष्ट पोषिलो बच्चा र तिनको आमालाई सम्मान सहित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

३. **प्रतिवेदन पेश गरनुपर्नेः** सवै स्वास्थ्य संस्थाहरुले नगर उपप्रमुख कोसेली कार्यक्रमबाट लाभान्वितहरुको नाम थर सहितको वार्षिक प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रतिवेदन तयार गरी पेस गर्नुपर्नेछ।

प्रमाणिकरण मिति: २०८०/०२/२६

आज्ञाले

खडानन्द खत्री

प्रमुख प्रशासकीय अधिकृत